# कोभिड-19 एवं अपाङ्गता भएका व्यक्तिका अधिकारहरू : निर्देशन


1. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
2. संघ-संस्थाहरूमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
3. अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा बस्ने हकलाई कोभिड 19 ले के-कस्तो असर पार्दछ ?
4. अपाङ्गता भएका व्यक्तिहरूको काम, आय र जीवनयापनमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
5. अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
6. अपाङ्गता भएका व्यक्तिहरूको हिंसाबाट बच्नेसम्बन्धीको हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
7. अपाङ्गता भएका व्यक्तिहरूको अधिक जनसंख्या हुने विशेष समूहहरूमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?
   a. अपाङ्गता भएका कैदी-बन्दीहरू
   b. पर्याप्त आवास सुविधाविहीन अपाङ्गता भएका व्यक्तिहरू


## संक्षिप्त परिचय

कोभिड-19 विश्व महामारीले समाजका सबै सदस्यहरूलाई चुनौती दिईरहेको यस घडीमा कोभिड-19 को प्रतिकार्यद्वारा सिर्जित प्रवृत्तिगत, वातावरणीय एवं संस्थागत अवरोधहरूका कारण तुलनात्मक रुपमा अपाङ्गता भएका व्यक्तिहरू अत्यधिक प्रभावित हुन्छन् ।

अपाङ्गता भएका कयौं व्यक्तिहरूमा पहिलेदेखि नै रहेका प्रतिकुल स्वास्थ्य अवस्थाहरूले उनीहरूलाई भाइरस सर्ने र संक्रमणको कारण गम्भीर लक्षणहरू देखा पर्ने उच्च जोखिम रहन्छ जसको कारण मृत्यु हुने सम्भावना पनि उति नै हुन्छ । कोभिड-19 को यस्तो अवस्थामा आफ्नो दैनिक जीवनयापनमा अरुको सहायतामा आश्रित अपाङ्गता भएका व्यक्तिहरूले लकडाउनको समयमा आफूलाई एक्लिएको र जीवनयापनमा कठिनाई भएको महसुस गर्दछन् । आवासीय तथा मनोचिकित्सीय सेवायुक्त संघ-संस्थाहरूमा आश्रय लिईरहेका त्यस्ता व्यक्तिहरू संकटासन्न हुन्छन् जसको मृत्युको संख्या तीव्ररुपमा बढिरहेको उदाहरणहरू प्रशस्त छन् । अपाङ्गता भएका त्यस्ता व्यक्तिहरूले स्वास्थ्य एवं सूचना सेवाहरूको पहुँच प्राप्त गर्न अनेकौं बाधाहरूको सामना गर्नु परिरहेको उदाहरणहरू पनि प्रशस्तै छन् । अपाङ्गता भएका व्यक्तिहरूले भेदभाव, जीविकोपार्जन एवं आयको पहुँच, अनलाइन शिक्षामा सहभागि हुन र हिंसाबाट बच्ने उपायहरूको खोजी गर्न पनि उतिकै समस्याहरूको सामना गर्दछन् । कैदी-बन्दी, घरबारविहीन वा उपयुक्त आवास नभएका अपाङ्गता भएका व्यक्तिका विशेष समूहहरूले अझै बढी जोखिमको सामना गर्नु पर्दछ ।

यस्ता जोखिमका बारेमा सचेत रहनाले अझै प्रभावकारी प्रतिकार्यहरूको सम्भावना वृद्धिलाई मार्गप्रशस्त गर्दछ जसले अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेको गम्भीर असरलाई निवारण गर्न सक्छ । यस निर्देशनले निम्न कुराहरु हासिल गर्ने लक्ष्य लिएको छ :

- अपाङ्गता भएका व्यक्तिहरूमा विश्व महामारीको असर तथा उनीहरूको अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्न,
- विश्वमा सक्रिय केही आशाजनक अभ्यासहरूका बारेमा ध्यानाकर्षित गर्न,
- राज्य तथा अन्य सरोकारवालाहरूका लागि मुख्य कार्यहरू पहिचान गर्न र
- अपाङ्गता भएका व्यक्तिहरूको समावेशितासहितको अधिकारमा आधारित कोभिड-19 प्रतिकार्य सुनिश्चित गर्ने सम्बन्धमा थप सिकाइको लागि स्रोत-सामग्रीहरू प्रदान गर्न ।

## 1. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?

कोभिड-19 को विशेष जोखिममा रहेको समूह हुँदाहुँदै स्वास्थ्यसम्बन्धी सूचनाको पहुँच नहुँदा र अन्य वातावरणीय कारण तथा अपाङ्गता भएका व्यक्तिहरूले स्वास्थ्य सेवा व्यवस्थामा सामना गर्नुपर्ने विभेदको बारेमा व्याख्या गर्ने सीमित मेडिकल निर्देशिका एवं प्रोटोकलहरूको कारण अपाङ्गता भएका व्यक्तिहरूले यस विश्व महामारीको समयमा स्वास्थ्य सेवाको पहुँच हासिल गर्न अझै बढी असमानताहरूको सामना गर्दछन् । यी प्रोटोकलहरूले अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय जीवन तथा सामाजिक मूल्यसम्बन्धी उनीहरू बिरुद्धका मेडिकल पूर्वाग्रहहरूको पनि खुलाशा गर्दछन् । उदाहरणको लागि, निश्चित अपाङ्गताका किसिमहरू, दैनिक जीवनको लागि अत्यधिक सहायता चाहिने आवश्यकताहरू, 'दुर्बलता', "थेरापीजन्य सफलता" का सम्भावनाहरु एवं बाँच्न बाँकी सीमित "उमेर" भएका मानिसहरु बारे धारणासम्बन्धी बहिस्कार मापदण्डसहितका दुर्लभ स्रोतहरूको बाँडफाँड उपचार तथा पहिचान एवं सोसम्बन्धी बाँडफाँड निर्देशिका । अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूका परिवारहरूले पनि पुनर्जीवन प्राप्त गर्ने उपायहरूसम्बन्धी स्वास्थ्य प्रणाली भित्रका तनावको सामना गरेका छन् ।

**आशाजनक अभ्यासहरू के-के हुन् ?**

- **सान मरिनो गणतन्त्र**को जैविक-नैतिकता समितिले उपचार पहिचान एवं बाँडफाँडका सम्बन्धमा कोभिड-19 निर्देशन जारी गरेको छ, जसले अपाङ्गताको आधारमा हुने विभेदलाई निषेध गर्दछ : "तसर्थ रोजाईको मापदण्ड भनेकै चिकित्सकीय उपयुक्तता एवं समान अनुपातको उपचारको आधारमा हरेक मानव जीवनको सम्मान गर्दै सही तवरले उपचारको पहिचान एवं बाँडफाँड कार्यान्वयन गर्नु हो । उमेर, लिङ्ग, सामाजिक वा जातीयता जस्ता अन्य जुनसुकै छनौट मापदण्ड नैतिक रुपमा अस्वीकार्य छ किनकि यसले जीवन जिउन धेरै वा कम लायक भन्ने जीवनकै श्रेणी सिर्जना गर्दछ जसले अन्तत्वगत्वा स्वीकार गर्न नसकिने हदसम्म मानव अधिकारहरूको हनन् गर्दछ ।"[1]
- **संयुक्त राज्य अमेरिका**स्थित स्वास्थ्य तथा मानव सेवा विभागको नागरिक अधिकार कार्यालयले "पुरातन सोच, अपाङ्गता वा उमेरको उपस्थिति रहेको वा नरहेको भन्ने कुरामा निर्भर भई जीवनको गुणस्तर मूल्यांकन वा व्यक्तिको तुलनात्मक "मूल्य" मा आधारित रहेर अपाङ्गता भएका व्यक्तिहरूको मेडिकल सेवालाई इन्कार गरिनु हुँदैन" भन्ने व्यहोरासहित अधिकारीहरूले अपाङ्गताको आधारमा विभेदलाई रोकुन् भन्ने कुरा सुनिश्चित गर्न एउटा बुलेटिन जारी गर्यो ।[2] यस बुलेटिनले अधिकारीहरूलाई अपाङ्गता भएका व्यक्तिहरुको

लागि आपतकालीन प्रतिकार्य प्रयासहरूबाट आउने समान अवसरको बारेमा सूचना तथा सञ्चारको पहुँच र आउटरीच सुनिश्चित गर्न पनि निर्देशन दिन्छ, जसअन्तर्गत “आपतकालीन प्रतिकार्य सफल छ र यसले सामाजिक लाञ्छनालाई न्यूनीकरण गर्दछ भन्ने कुरामा उचित बन्दोबस्तीको सुनिश्चितता प्रदान गर्न मद्दत गर्ने लगायत” को कुरा पर्दछ ।

- **संयुक्त अरब इमिरेट्सले** अपाङ्गता भएका व्यक्तिहरूको घरमै परीक्षण **गर्ने** राष्ट्रिय कार्यक्रम**को** शुरुवात गरेको छ र मध्ये अप्रिलसम्ममा 650,000 जना अपाङ्गता भएका व्यक्तिहरूमा कोभिड-19 परीक्षण गरिएको थियो ।[3]
- **फिलिपिन्स**मा मानव अधिकार आयोगले बालबालिका तथा अपाङ्गता भएका मानिसहरु लगायतका समुदायका संकटासन्न समूहहरूलाई सहयोग गर्नका लागि सार्वजनिक सन्देसहरू प्रदान गरी स्वास्थ्य एजेन्सीहरूलाई सहयोग पुर्याउन सूचना प्रकाशित गर्यो ।[4]
- **क्यानाडा**मा अपाङ्गता विशेष समस्या, चुनौती एवं प्रणालीगत कमजोरी तथा रणनीति एवं अपनाइनु पर्ने उपाय र कदमहरूका बारेमा सरकारलाई सल्लाह दिनको लागि अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संघ-संस्थाहरूको सहभागितामा कोभिड-19 सल्लाहकार समूह गठन भयो ।[5]

**राज्य एवं अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- **अपाङ्गताको आधारमा हुने उपचारसम्बन्धी विभेद निषेध गर्ने** र दुर्लभ स्रोतहरूको बाँडफाँड निर्देशिकाहरू भित्र रहेका (जस्तै भेन्टिलेटर वा इन्टेन्सिभ केयरको पहुँच जस्ता) अपाङ्गता, सहायता आवश्यकताहरूको स्तर, गुणस्तरीय जीवनका मूल्यांकन वा अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध हुने कुनै पनि रुपका मेडिकल पूर्वाग्रहमा आधारति उपचारको पहुँचलाई रोक्ने व्यवस्थाहरू खारेज गर्ने ।
- लक्षणहरूसहितका अपाङ्गता भएका व्यक्तिहरूको लागि **परीक्षणको प्राथमिकता सुनिश्चित गर्ने** ।
- अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यमा परेको कोभिड-19 को असरका सम्बन्धमा गरिने **अनुसन्धानलाई बढावा दिने** ।
- पहुँचयोग्य वातावरणहरू (अस्पताल, परीक्षण तथा क्वारेन्टिन सुविधाहरू) को सुनिश्चितता कायम गर्ने र स्वास्थ्य सूचना एवं सञ्चारलाई पहुँचयोग्य प्रारूप, माध्यम तथा ढाँचामा उपलब्ध र वितरण गर्न सुनिश्चित गर्ने लगायत **उपचारमा हुने बाधाव्यवधानहरूको पहिचान गरी** तिनलाई निवारण गर्ने ।
- विश्व महामारीको समयमा अपाङ्गता भएका मानिसहरूले **पर्याप्त औषधिको आपूर्ति र पहुँच पाउन् भन्ने कुरा सुनिश्चित गर्ने** ।
- अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध हुने पक्षपात एवं पूर्वाग्रहमा आधारित विभेद रोक्नको लागि **स्वास्थ्यकर्मीहरूको लागि तालिम दिने एवं चेतना अभिवृद्धि गर्ने** ।
- **अपाङ्गता भएका व्यक्तिहरूको नजिक रहेर उनीहरू र उनीहरूका प्रतिनिधि संघ-संस्थाहरूलाई** यस विश्व महामारीको लागि उपयुक्त हुने अधिकारमा आधारित प्रतिकार्य सम्भव तुल्याउन सक्रिय रुपमा सहभागि गराउने जुन अपाङ्गता भएका मानिसहरूका सम्पूर्ण विविधतामा सहभागीमुलक र जिम्मेवार रहन सकून् ।

**स्रोतहरू**

- कोभिड-19 मा कुनै अपवाद नरहने : “हरेक व्यक्तिसँग जीवन बचाउने उपायहरूको अधिकार छ । – संयुक्त राष्ट्रसंघका विशेषज्ञहरू भन्छन्

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, कोभिड-19 का बारेमा संयुक्त राष्ट्र संघको विशेष र्‍यापोर्टर अपाङ्गता भएका मानिसहरूलाई कसले सुरक्षा दिईरहेको छ ?
- विश्व स्वास्थ्य संगठन, कोभिड-19 महामारीको समयमा अपाङ्गतासम्बन्धी बुझाई

## 2. संघ-संस्थाहरूमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?

कोभिड-19 ले मनोचिकित्सासम्बन्धी संघ-संस्थाहरू, समाज कल्याण संघ-संस्थाहरू (अनाथालय, दिवा स्याहार केन्द्रहरू, पुनर्स्थापना केन्द्रहरू), ज्येष्ठ नागरिकका संघ-संस्थाहरूमा उच्च संक्रमण र मृत्यु निम्त्याएर अत्यन्त प्रतिकुल असर पारिरहेको छ । केही प्रारम्भिक अध्ययनहरूमा ती राष्ट्रहरूमा हुने कोभिड-19 ले निम्त्याउने मृत्युहरूमध्ये 42% देखि 57% मृत्युहरू स्याहार गृहहरूमै हुने देखिएको छ ।[6] आन्तरिक स्वास्थ्य अवस्थाहरू, सँगैका बासिन्दा एवं कर्मचारीहरूसँग सामाजिक दूरी कायम गर्न हुने कठिनाई र कर्मचारीहरूको निकटताको कारण संस्थागत रुपमा अपाङ्गता भएका व्यक्तिहरूमा कोभिड-19 संक्रमण हुने उच्च जोखिम रहन्छ । संघ-संस्थाहरूमा बस्ने अपाङ्गता भएका व्यक्तिहरूले वेवास्ता, नियन्त्रण, एक्लोपना, हिंसा जस्ता मानव अधिकारहरूको हनन् हुने उच्च जोखिमको पनि सामना गर्नु परेको छ ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- **स्विजरल्याण्ड** र **स्पेन**मा संघ-संस्थाहरूमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूलाई त्यहाँबाट निकालेर सम्भव भएका ठाउँहरूमा उनीहरूका आफ्नै परिवारहरूसँग बस्नको लागि पठाईयो ।
- **क्यानाडा**मा संघ-संस्थाहरू सम्बद्ध परिप्रेक्ष्यहरूको लागि विशेष उपायहरूसहित प्राथमिक परीक्षण निर्देशिकाहरू जारी गरिएका छन् ।[7]

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- **अपाङ्गता भएका व्यक्तिहरूलाई संस्थाहरूबाट डिस्चार्ज गर्ने र त्यहाँबाट निकालेर** उनीहरूको लागि परिवार र/वा अनौपचारिक सञ्जालहरूमार्फत् तुरुन्तै सामुदायिक सहायताको व्यवस्ता गर्ने र सार्वजनिक वा निजी सेवा प्रदायकहरूको आर्थिक सहायता सेवा उपलब्ध गराउने ।
- **अन्तरिम अवस्थामा परीक्षणलाई प्राथमिकता दिन** र संस्थाभित्र संक्रमण न्यूनीकरण गर्न अत्यधिक भिडभाड नियन्त्रण गर्ने, बासिन्दाहरू माझ भौतिक दूरी कायम गर्ने कुरा कार्यान्वयन गर्ने, भेट्न आउने पाहुनाहरू आउने समय परिवर्तन गर्ने, सुरक्षा उपकरणहरूको प्रयोग गर्नेसम्बन्धी निर्देशन जारी गर्ने र सरसफाइको अवस्था सुधार गर्ने जस्ता रोकथामका उपायहरू प्रबर्द्धन गर्ने ।
- रोकथामका उपायहरू कार्यान्वयन गर्न **संस्थाका मानव संसाधन तथा वित्तीय स्रोतहरू *अस्थाई रुपमा* बढाउने** ।
- **आपतकालीन अवधिमा संघ-संस्थाहरूमा बसोबास गर्ने व्यक्तिहरूको शोषण, हिंसा, दुर्व्यवहार, विभेदबाट स्वतन्त्र हुन पाउने हक तथा स्वतन्त्र भई सूसुचित हुन र न्यायको प्रत्याभूति पाउने लगायतका अधिकारहरू सुनिश्चित गर्ने र निरन्तर सम्मानपूर्वक जीवन निर्वाह गर्ने अधिकारहरू सुनिश्चित गर्ने** ।[8]

- **संस्थाहरूलाई बन्द गर्न र अपाङ्गता एवं ज्येष्ठ नागरिकहरूलाई समुदायमा फर्काई** उनीहरूको लागि सहायता र सेवाहरूको प्रबर्द्धन गर्न उनीहरूलाई ग्रहण गर्ने र संघ-संस्थाइतर रहन प्रेरित गर्ने रणनीतिहरू कार्यान्वयन गरी अझै प्रभावकारी ढंगले समस्या समाधान गर्ने ।

**स्रोतहरू**

- कोभिड-19 को सन्दर्भमा स्याहार सुविधाहरूमा डब्ल्युएचओ संक्रमण रोकथाम तथा नियन्त्रण निर्देशन, अन्तरिम निर्देशन, 21 मार्च 2020
- विश्व स्वास्थ्य संगठन, कोभिड-19 महामारीको समयमा अपाङ्गतासम्बन्धी बुझाई
- कोभिड-19 विश्व महामारीको सन्दर्भमा मनोवैज्ञानिक अपाङ्गता भएका मानिसहरूको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूको सुझावहरू सहितको वक्तव्य

## 3. अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा बस्ने हकलाई कोभिड 19 ले के-कस्तो असर पार्दछ ?

कोभिड-19 प्रतिकार्यसम्बन्धी उपायहरूको कारण अपाङ्गता भएका व्यक्तिहरूले समुदायमा आफ्ना दैनिक जीवन चलाउन केही विशेष बाधाअड्चनहरूको सामना गर्दछन् । विशेषत: 'घरमै बस्नुहोस्' भन्ने प्रतिबन्धले उनीहरूको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन, बरु उनीहरूको स्वतन्त्रता, स्वास्थ्य र जीवनमा नयाँ बाधाअड्चन एवं जोखिमहरू सिर्जना गरिदिन्छ ।[9]

दैनिक जीवनयापन गर्न अरुको सहायतामा आश्रित हुने (सेवा प्रदायकको औपचारिक सहायता वा आफन्त/साथीहरूको अनौपचारिक मद्दतमार्फत) अपाङ्गता भएका कैयौं व्यक्तिहरूले आवतजावतमा लगाइएका प्रतिबन्धहरू एवं भौतिक दूरी कायम गर्नु पर्ने बाध्यताले गर्दा आफूहरू असहाय भएको महसुस गर्दछन् । यसले उनीहरूलाई खाना, अत्यावश्यक सामग्री तथा औषधिको पहुँच लगायत नुहाउन, खाना पकाउन वा खाना खाने जस्ता दैनिक क्रियाकलापहरू संचालन गर्न कठिनाई हुने कुराहरूमा उच्च जोखिममा राख्दछ ।

कोभिड-19 उपायहरूसम्बन्धी सार्वजनिक सूचनाहरू अपाङ्गता भएका सबै व्यक्तिहरूको लागि पहुँचयोग्य ढाँचा तथा माध्यमहरूमा व्यवस्थित तवरले सञ्चार गरिँदैनन् (जस्तै, सांकेतिक दोभासे सेवा, क्याप्सनिङ, सजिलै पढ्न सकिने ढाँचा आदि) ।

यसका अतिरिक्त मनोवैज्ञानिक अपाङ्गता तथा अटिजम जस्ता अपाङ्गता भएका केही व्यक्तिहरूले कडा प्रतिबन्ध पालना गरेर घरमा बस्न कठिनाई महसुस गर्दछन् । यस्ता अवस्थाहरूलाई व्यवस्थित गर्नको लागि दिनमा कुनै समयको लागि छोटो र सावधानीपूर्वक गरिने घर बाहिरको यात्रा उनीहरुका लागि महत्वपूर्ण हुन्छन् ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- **पाराग्वे**[10] र **पानामा**ले[11] सान्दर्भिक सूचना पहुँचयोग्य ढाँचाहरूमा प्रदान गर्ने कुराको सुनिश्चित गर्न केही प्रणालीहरूको विकास गरेका छन् । त्यसै गरी **न्युजिल्याण्ड**को स्वास्थ्य मन्त्रालयले सांकेतिक भाषा एवं पढ्न सजिलो हुनेजस्ता पहुँचयोग्य ढाँचाहरूमा सूचना प्रदान गर्न आफ्नो वेबसाइटको एउटा खण्ड छुट्याएको छ ।[12] **मेक्सिको** सरकारले यस्तै अभ्यास अङ्गीकार गरेको छ ।[13]
- **अर्जेन्टिना**मा[14] अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता प्रदान गर्ने व्यक्तिहरूको लागि आवतजावत गर्न र भौतिक दूरीसम्बन्धी प्रतिबन्धहरूमा छुट दिईएको छ । **कोलम्बिया**मा सामुदायिक सहायता सञ्जालहरूको विकास भएको छ जसले अपाङ्गता भएका एवं ज्येष्ठ नागरिकहरूलाई ग्रोसरी एवं अन्य सामग्रीहरू खरिद गर्न सहायता प्रदान गर्न स्वयम् सेवकहरू भर्ति गर्ने गर्दछन् ।[15] जोखिम न्यूनीकरण गर्न **पानामा**मा पनि अपाङ्गता भएका व्यक्ति र उनीहरुका निजी सहयोगीहरूको लागि अत्यावश्यक सामग्री खरिद गर्नको लागि निश्चित समय खुला गर्ने प्रावधान गरिएको छ ।[16]
- **(बेलायत) संयुक्त अधिराज्य र उत्तरी आयरल्याण्डले**[17] अटिजम एवं अन्य अपाङ्गता भएका व्यक्तिहरूको लागि प्रतिबन्धहरूमा बाहिर जाने सहजता गराउने अनुमति सहितको नीति अवलम्बन गरेको छ । **फ्रान्स**ले पनि यस्तै उपायहरूको थालनी गरेको छ ।[18]

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- सांकेतिक दोभासे सेवा, क्याप्सनिङ, सजिलै पढ्न सकिने ढाँचा लगायतका **कोभिड-19 उपायसम्बन्धित सूचना अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य** छन् भनी सुनिश्चित गर्ने ।
- सहायतालाई सहज रुपमा प्रदान गर्नको लागि **अपाङ्गता भएका व्यक्तिहरूका सहयोगी व्यक्तिहरूलाई घरमै बस्ने प्रतिबन्धहरूमा छुट दिने** कुरा सुनिश्चित गर्ने ।
- **सामुदायिक सहायता सञ्जालहरूको विकास**मा सहयोग र प्रबर्द्धन गर्ने र सुरक्षा सामग्री, उपकरण एवं सरसामानहरूको उपलब्धता सुनिश्चित गर्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा तिनका निजी सहयोगीहरूलाई घरमै बस्ने/प्रतिबन्धको समयमा सुपरमार्केट, ग्रोसरी तथा अन्य अत्यावश्यक पसलहरूमा प्रवेश गर्न **प्राथमिकता दिने र सो स्थानहरू खुल्ने समय** सोहीबमोजिम निर्धारण गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई घर छोड्ने र जरिबाना लाद्नेजस्ता कठोर प्रतिबन्धहरूबाट मुक्त गरेर **उचित बसोबासको व्यवस्था गर्ने** एवं अपाङ्गता भएका व्यक्तिहरूलाई बाहिर जान सहुलियत प्रदान गर्ने कुराको सुनिश्चित गर्ने ।

**स्रोतहरू**

- विश्व स्वास्थ्य संगठन, कोभिड-19 महामारीको समयमा अपाङ्गतासम्बन्धी बुझाई
- युएनपिआरपिडी, आईएलओ तथा अन्य, कोभिड-19 संकटको लागि अपाङ्गता समावेशिता सहितको सामाजिक सुरक्षा प्रतिकार्य

## 4. अपाङ्गता भएका व्यक्तिहरूको काम, आय र जीवनयापनमा कोभिड-19 ले के-कस्तो असर पार्दछ?

अन्य मानिसहरूको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूले रोजगार पाउने सम्भावना कम हुन्छ र उनीहरूले यदि जागिर नै पाईहाले पनि अनौपचारिक क्षेत्रमा पाउने सम्भावना बढी हुन्छ ।[19] परिणामस्वरूप उनीहरूको रोजगारमा आधारित सामाजिक बीमाको पहुँच अरु भन्दा कम हुन्छ जसले कोभिड-19 को वर्तमान परिप्रेक्ष्यमा उनीहरूको आर्थिक लचकतालाई घटाउँछ । रोजगार पाएका वा स्व-रोजगार प्राप्त व्यक्तिहरूको[20] कार्यस्थलमा उपलब्ध हुने उपकरण एवं सहायताको अभाव हुने कारणले घरबाट काम गर्न मिल्ने सुविधाबाट बञ्चित हुनुपर्ने र आफ्नो आय तथा जागिर गुमाउने उच्च जोखिमको सामना गर्नुपर्ने हुनसक्छ । यसका अतिरिक्त कोभिड-19 का उपायहरूले परिवार र आयआर्जन गर्ने व्यक्तिहरू कामबाट बञ्चित हुने भएकाले अपाङ्गता भएका व्यक्तिहरूको घरपरिवारको समग्र आयमा नकारात्मक प्रभाव पारेर उनीहरूलाई अप्रत्यक्ष रुपमा असर गर्दछ । आय अभावले अपाङ्गता भएका व्यक्तिहरू एवं अपाङ्गतासम्बन्धी अतिरिक्त खर्च (पहुँचयोग्य आवास एवं औजार, सहयोगी उपकरणहरू, विशेष प्रयोजनका वस्तु तथा सेवाहरू आदि) बेहोर्ने उनीहरूको घर परिवारमा तुलनात्मक रुपमा अत्यधिक भार सिर्जना गरी उनीहरूलाई तीव्र रुपमा गरिबीतर्फ धकेल्छ ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- कोभिड-19 को प्रतिकार्यको सन्दर्भमा **बुल्गेरिया, माल्टा** र **लिथुआनिया**ले सामाजिक सहायता सेवाहरू विस्तार गर्न तथा अपाङ्गता भएका व्यक्तिहरू सहित अझै बढी लाभार्थीहरू समेट्न आफ्ना सामाजिक सुरक्षा प्रणालीहरूमा खर्च वृद्धि गरेको छन् ।[21]
- **अर्जेन्टिना** र **पेरु**मा अपाङ्गतासम्बन्धी लाभ प्राप्त गर्ने व्यक्तिहरूले कोभिड-19 संकटलाई मध्यनजर गरी निर्धारण गरिएका अतिरिक्त रकम प्राप्त गर्दछन् ।[22] **फ्रान्स**ले अपाङ्गता भत्ता प्राप्त गर्ने लाभार्थीहरूको पक्षमा एउटा यस्तै उपाय घोषणा गर्यो[23] **ट्युनिसिया**को आपतकालीन योजना अन्तर्गत न्युन आय भएका घरधुरी, अपाङ्गता भएका व्यक्तिहरू एवं घरबारविहीन मानिसहरूको लागि नगद स्थानान्तरण गरिदिने प्रावधान रहेको छ ।[24]
- **संयुक्त राज्य अमेरिकाले**[25] करसम्बन्धी राहत कार्यक्रमहरू स्थापित गरेको छ जसले यस परिप्रेक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्था व्यवस्थित गर्न योगदान पुर्याउन सक्छ ।

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- **कुनै आयस्रोतविहीन अपाङ्गता भएका व्यक्तिहरूको लागि आर्थिक सहयोग गर्ने** (जस्तै : एकमुष्ट भुक्तानी, करसम्बन्धी राहतका उपायहरू, वस्तुहरूको छुट आदि) ।
- अतिरिक्त खर्चहरू समेट्न भुक्तानी वृद्धि गर्ने लगायतका माध्यममार्फत **विद्यमान अपाङ्गता लाभहरू वृद्धि गर्ने** ।
- म्याद सकिन लागेका अपाङ्गतासम्बन्धी अधिकारहरूको **स्वत: म्याद बढाउने** ।
- अपाङ्गता भएका स्वरोजगार प्राप्त व्यक्तिहरूले आफ्नो आय घटेको ठानेमा तिनलाई **आर्थिक क्षतिपूर्ति** प्रदान गर्ने ।
- अपाङ्गता भएका आफ्ना परिवार सदस्य(हरू)लाई संक्रमणबाट जोगाउन वा सहयोग गर्ने कारणले काम छोडेका व्यक्तिहरू एवं बेरोजगार वा बिरामी लाभहरूले नसमेटेका व्यक्तिहरूको लागि **आर्थिक सहायता कार्यक्रमहरू कार्यान्वयन गर्ने** ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई टेलिवर्क (दूर कार्य) गर्न आवश्यक उपकरणहरू प्रदान गर्न **रोजगारदाताहरूलाई कर क्रेडिट जस्ता आर्थिक सहायता** प्रदान गर्ने ।
- **भोजन व्यवस्था योजनामा** अपाङ्गता भएका व्यक्तिहरू पर्दछन् र उनीहरूका घरमा खाना पुर्याउने व्यवस्था लगायतका आवश्यकताप्रति ती योजनाहरू जिम्मेवार छन् भन्ने सुनिश्चित गर्ने ।

**स्रोतहरू**

- [ILO, कोही नछुटुन्, अहिले नभए कहिल्यै होइन, कोभिड-19 प्रतिकार्यमा अपाङ्गता भएका व्यक्तिहरू]
- [युएनपिआरपिडी, आईएलओ तथा अन्य, कोभिड-19 संकटको लागि अपाङ्गता समावेशिता सहितको सामाजिक सुरक्षा प्रतिकार्य]
- [अन्तर्राष्ट्रिय मौद्रिक कोष, कोभिड-19 प्रतिकार्य निती]

## 5. अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?

शिक्षा पूरा गर्ने सवालमा अन्य व्यक्तिहरूको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूको सम्भावना कम रहन्छ भने शैक्षिक संस्था छोड्ने सम्भावना बढी हुन्छ ।[26] कोभिड-19 को कारण अधिकांश राज्यहरूले अस्थाई रुपमा शैक्षिक संस्थाहरू बन्द गरेका छन्[27] जसले अपाङ्गता भएका लगायतका सबै विद्यार्थीहरूलाई असर गरेको छ । शिक्षामा परेको यस्तो असर न्यूनीकरण गर्न केही राज्यहरूले दूर शिक्षा (सिकाइ) अभ्यासहरू अङ्गीकार गरिरहेका छन् । यद्यपी यस्ता अवस्थाहरूमा आवश्यक पर्ने उपकरण, इन्टरनेटको पहुँच, अनलाईन विद्यालय कार्यक्रमहरूमा आवश्यक पहुँचयोग्य सामग्री एवं सहायता अभावका कारण अपाङ्गता भएका विद्यार्थीहरूले समस्याहरूको सामना गर्नु परिरहेको छ। परिणामस्वरूप विशेषगरी बौद्धिक अपाङ्गता लगायतका अपाङ्गता भएका धेरै विद्यार्थीहरू पछाडि पर्छन् ।

अझै विद्यालय बन्दाबन्दीका अन्य पक्षहरूको कारण अपाङ्गता भएका विद्यार्थीहरू नकारात्मक रुपमा प्रभावित भएका छन् जसअन्तर्गत विद्यालयमा पाइने खाना तथा आफ्ना साथीभाईसँग खेलकुदमा सहभागि हुने अवसर जस्ता कुराहरू पर्दछन् ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- **संयुक्त राज्य अमेरिका**ले अपाङ्गता भएका व्यक्तिहरूमा लागु हुने ऐन संघीय कानूनका बारेमा एउटा निर्देशन पत्र जारी गर्यो ।[28]
- **इक्वेडर**ले घरमा एकान्त बास (आइसोलेसनमा) बस्न जरुरी परेका बालबालिकाहरूको शिक्षामा सहयोग प्रदान गर्ने सम्बन्धमा शिक्षकहरूको लागि सुझावहरू जारी गर्यो ।[29]
- **(बेलायत) संयुक्त अधिराज्य र उत्तरी आयरल्याण्ड**ले अपाङ्गता भएका बालबालिकाहरू घरमा रहँदा कसरी जिम्मेवारी पूरा गर्ने र उनीहरूको शैक्षिक प्रक्रियामा कसरी अझै प्रभावकारी ढंगले सहयोग गर्ने भन्ने बारेमा अभिभावक एवं केयरगिभरहरूलाई मार्ग निर्देशित गर्न सूचना जारी र प्रणालीहरू स्थापित गरेका छन् ।[30]

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- शिक्षा तथा विद्यालय अधिकारीहरूलाई उनीहरुका बाध्यता क्षेत्र र विद्यालय बाहिर शिक्षा प्रदान गर्दा उपलब्ध विविध स्रोतहरूका सम्बन्धमा **स्पष्ट निर्देशन दिने** ।
- **दूर शिक्षाको लागि इन्टरनेट पहुँच सुनिश्चित गर्ने** र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी उपकरण एवं उपयुक्त बन्दोबस्तीको प्रबन्ध लगायत **सफ्टवेयरको पहुँच सुनिश्चित गर्ने** ।
- समावेशीमूलक दूर शिक्षाको बारेमा **शिक्षकहरूलाई निर्देशन, तालिम एवं सहायता प्रदान गर्ने** ।

- अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक शिक्षाको सम्बन्धमा अभिभावक एवं केयरगिभरहरूसँग **घनिष्ट सम्बन्ध/सहकार्य स्थापित गर्ने** ।
- अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक कार्यक्रममा सहयोग गर्न तथा उनीहरूका उपकरण तयार गर्न **अभिभावक र केयरगिभरहरूलाई निर्देशन दिने र दूर सहायता प्रदान गर्ने** ।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई दूर शिक्षामा सहयोग गर्नको लागि **पहुँचयोग्य र प्रयोग गर्न सजिला सामग्रीको तयार गर्ने** ।
- विभिन्न मिडियाबाट (जस्तै : अनलाइन अन डिमाण्ड, शैक्षिक कार्यक्रमहरू टेलिभिजनमार्फत प्रसारण गर्ने आदि) वितरण गर्न सकिने **पहुँचयोग्य शैक्षिक श्रव्य-दृश्य सामग्रीहरू तयार गर्ने**

**स्रोतहरू**

- कोभिड-19 विश्व महामारीको बालबालिकाहरूमा पर्ने शारीरिक, संवेगात्मक एवं मनोवैज्ञानिक असरका बारेमा CRC समितिको वक्तव्य तथा बाल अधिकारको सुरक्षा गर्न राज्यहरूका लागि जारी गरिएका सूचनाहरू
- UNICEF, कोभिड-19 प्रतिकार्य : अपाङ्गता भएका बालबालिका एवं वयस्कहरूप्रतिको बुझाई
- UNESCO, कोभिड-19 प्रतिकार्यसम्बन्धी वेबसाइट

## 6. अपाङ्गता भएका व्यक्तिहरूको हिंसाबाट बच्नेसम्बन्धीको हकमा कोभिड-19 ले के-कस्तो असर पार्दछ ?

अपाङ्गता भएका व्यक्तिहरू विशेषगरी अलग्गिएर बस्नुपर्दा हिंसाको उच्च जोखिममा रहन्छन् । अपाङ्गता भएका बालिका एवं महिलाहरूले उच्च दरमा लैंगिक, यौनजन्य, घनिष्ट पार्टनरसम्बन्धी र घरेलु हिंसाको सामना गर्दछन् ।[31] अपाङ्गता भएका बालिका एवं महिलाहरूले अन्य महिलाहरूको मात्र नभई अपाङ्गता भएका पुरुषहरूको तुलनामा पनि हिंसाको उच्च जोखिमको सामना गर्ने गर्दछन् ।[32] अपाङ्गता तथा लिङ्गमा आधारित हिंसासम्बन्धी सूचना उपलब्ध नभईरहेको कोभिड-19 को वर्तमान परिप्रेक्ष्यमा विशेषत: अपाङ्गता भएका मानिसहरू यस्ता परिस्थितिहरूमा जोखिममा पर्दछन् भन्ने अनुभवले देखाउँछ ।[33]

घरेलु हिंसासम्बन्धी सेवाहरूको बारेमा उजुरी र पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरूको लागि कठिनाई भईरहेको छ किनकी यस्ता सेवाहरूले प्राय: अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्दैनन् र उनीहरूको पहुँचमा हुँदैनन् । हटलाइनहरूमा प्राय: बहिरा र बहिरा-दृष्टिविहीन व्यक्तिहरूको लागि दोभासे सेवा जडान गरिएको हुँदैन, त्यसैगरी आपतकालीन आश्रय तथा सेवाहरू अपाङ्गता भएका व्यक्तिका आवश्यकता पूरा गर्ने गरी तयार गरिएका हुँदैनन् ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

**पेरु**मा संकटका अवस्थाहरूमा स्थानीय सरकारहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई फोनको माध्यमबाट सम्पर्क गर्नु पर्ने र आपतकालीन अवस्था टरिसके पछि व्यक्तिगत रुपमा भेट्नु पर्ने निर्देशिकाहरू जारी गरिएका थिए जसले अधिकारीहरूलाई हिंसाका अवस्थाका बारेमा जानकारी गराउनु पर्ने कुरालाई इंगित गर्दछ ।[34] यस बाहेक OHCHR ले यस क्षेत्रमा नयाँ आशापूर्ण अभ्यासहरूको पहिचान गर्न सकेन जसले

चिन्ताको तहलाई बढाउँछ। कैयौं राष्ट्रहरूले पहुँचयोग्य हटलाइनहरू, सहायता तथा बहिराहरूको लागि टेक्स्ट, रिले र भिडियो फोन सेवाहरू लगायतका रिपोर्टिङ सेवा प्रदान गरिरहेका छन्।[35] तल सूचीबद्ध स्रोतहरूमा केही असल अभ्यासहरूको पहिचान गरिएको छ।

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- रिपोर्ट गर्ने संयन्त्र, हटलाईनहरू, आपतकालीन आश्रय स्थलहरू र अन्य खाले सहायताहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य छन् र तिनले ती व्यक्तिहरूलाई समावेश गर्दछन् भन्ने सुनिश्चित गर्ने।
- सामुदायिक तथा स्वैच्छिक सञ्जालहरूको माध्यम लगायत सक्रिय आउटरीचहरूमार्फत विशेषगरी आइसोलेसन (एकान्तबास) मा बसेका अपाङ्गता भएका व्यक्तिहरूको अवस्था बुझ्न **अनुगमन गर्ने**।
- विशेषगरी अपाङ्गता भएका बालिका तथा महिलाहरू लगायत अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु पर्ने हिंसाको जोखिमका बारेमा **जनचेतना अभिवृद्धि गर्ने, तालिम दिने**, साथीभाईको सहायता लगायत सहायोगी सञ्जालहरूको प्रबर्द्धन गर्ने।

**स्रोतहरू**

- UNFPA, अपाङ्गता भएका महिला तथा बालबालिकाहरूको लिङ्गमा आधारित हिंसा एवं यौन र प्रजनन स्वास्थ्य एवं अधिकारहरूलाई सम्बोधन गर्न अधिकारमा आधारित एवं लिंगकेन्द्रित सेवाहरू प्रदान गर्ने निर्देशिकाहरू
- कोभिड-19 को समयमा अपाङ्गता भएका उत्तरजीविहरूको लागि सेवाहरू

## 7. अपाङ्गता भएका व्यक्तिहरूको अधिक जनसंख्या हुने विशेष समूहहरूमा कोभिड-19 ले के-कस्तो असर पार्दछ : अपाङ्गता भएका कैदी-बन्दीहरू तथा पर्याप्त आवास सुविधाविहीनहरू?

### a. अपाङ्गता भएका कैदी-बन्दीहरू

कैदी-बन्दीहरूको जनसंख्यामा अपाङ्गता भएका विशेषगरी[36] मनोवैज्ञानिक एवं बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको संख्या अत्यन्त धेरै रहेको छ। भौतिक दूरी कायम गर्न असम्भव रहेका भिडभाड र फोहोर अवस्थाहरूमा संक्रमणको उच्च जोखिम हुने भएकाले उनीहरू संक्रमणको उच्च जोखिममा छन्। खासगरी अपाङ्गता भएका धेरै कैदी-बन्दीहरू खाना खान, हिंडडुल गर्न र नुहाउन आफ्ना साथीभाइहरूको अनौपचारिक मद्दतमा निर्भर गर्दछन् र साधारणतय जेलका स्वास्थ्य सेवाहरू उनीहरूका आवश्यकता पूरा गर्न अपर्याप्त हुन्छन्।

यी चुनौतीहरूको सामना जेल तथा आपराधिक न्याय भित्रका दण्ड-सजाय पूर्व गरिने नजरबन्द तथा सुधारगृह प्रणालीहरूमा रहेका अपाङ्गता भएका कैदी-बन्दीहरूले मात्र अनुभव गर्ने नभई अध्यागमन नजरबन्दमा रहेका अपाङ्गता भएका आप्रवासीहरू लगायत कुनै किसिमको प्रशासनिक वा अन्य नजरबन्दमा हालै रहेका व्यक्तिहरूले पनि गर्दछन्।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- **(बेलायत) संयुक्त अधिराज्य र उत्तरी आयरल्याण्ड**मा आफ्नो सजाय पूरा गर्न दुई महिनाभन्दा कम समय बाँकी रहेका कैदी-बन्दीहरू कैदमुक्त भईरहेका छन् ।[37] **संयुक्त राज्य अमेरिका**मा कैयौं राज्यहरूले कैदी-बन्दीहरूलाई कैदमुक्त गराई सकेका छन् वा मुक्त गर्ने प्रक्रियामा छन् ।[38] इरान, टर्की र **इन्डोनेसिया**मा पनि कैदी-बन्दीहरूलाई यसरी नै कैदमुक्त गर्ने कार्यको थालनी भएको छ । **कोलम्बिया**मा स्वतन्त्र रुपमा सुरक्षा उपायहरू कार्यान्वियन गर्न असक्षम कार्यात्मक प्रतिबन्धसहितका अपाङ्गता भएका व्यक्तिहरू कैद अवधि अगावै कैदमुक्त गरिने लाभार्थीहरूमा समावेश गरिएका छन् ।[39] यसैगरी **अर्जेन्टिना**मा सर्वोच्च र आपराधिक अपिल अदालतले अपाङ्गता भएका कैदी-बन्दीहरूलाई कैदमुक्त गर्ने प्रयासका लाभार्थीहरूको रुपमा पहिचान गरेको छ ।[40] ब्राजिलमा राष्ट्रिय न्याय परिषदले किशोर-किशोरीसम्बन्धी आपराधिक प्रणालीमा रहेका लगायतका अपाङ्गता भएका कैदी-बन्दीहरूलाई पुनर्विचार, पुनर्जांच एवं कैदमुक्त गर्ने सुझाव जारी गरेको छ ।[41]

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- **सजाय अवधि अगावै कैदमुक्त तथा परीक्षण वा सजायहरूलाई छोटो अवधिमा झार्ने र सजाय पूर्व गरिने नजरबन्द घटाउने जस्ता प्रावधानहरू कार्यान्वयन गरी जोखिममा रहेका अपाङ्गता भएका लगायतका कैदी-बन्दीहरूलाई कैदमुक्त गरी कैदी-बन्दीहरूको संख्या घटाउने** र परिवार र/वा अनौपचारिक सञ्जालहरू तथा सार्वजनिक वा निजी सेवा प्रदायकहरूको आर्थिक सहयोगको माध्यमबाट समुदायमा तुरुन्त सहयोगको सुनिश्चितता गर्ने ।
- अपाङ्गता भएका कैदी-बन्दीहरूको पहिचान गर्ने, उनीहरूको लागि सहायता पहुँच, खाना, पानी र सरसफाईको सुनिश्चितता गर्ने, सुरक्षा उपकरणको प्रयोग तथा आइसोलेसन एवं भौतिक दूरी कायम गर्ने उपायहरू लागु गर्ने र सरसफाइको अवस्था सुधार गर्ने लगायतका कार्यहरू गरी जेल भित्रको संक्रमण जोखिम कम गर्न **रोकथामका उपायहरू कार्यान्वियन गर्ने** ।

**स्रोतहरू**

- WHO, जेल तथा नजरबन्दका अन्य स्थलहरूमा कोभिड-19 को रोकथाम तथा नियन्त्रण
- UN अन्तर-एजेन्सी स्थाई समिति, कोभिड-19 : आफ्नो स्वतन्त्रताबाट बञ्चित व्यक्तिहरूमा ध्यान केन्द्रित गर्न

## b. पर्याप्त आवास सुविधाविहीन अपाङ्गता भएका व्यक्तिहरू

विशेषगरी मनोवैज्ञानिक एवं बौद्धिक अपाङ्गता भएका अपाङ्ग व्यक्तिहरूको जनसंख्या पनि अति गरीब जनसंख्याको बीचमा अधिक नै रहेको छ । भिडभाडको बसाई अवस्था, पर्याप्त पानी र सरसफाइको अभाव एवं आफ्नो पहिलेदेखि रहेको प्रतिकुल स्वास्थ्य अवस्थाले गर्दा अपाङ्गता भएका घरबारविहीन व्यक्तिहरू तथा आपतकालीन आश्रय स्थल र अनधिकृत बस्तिहरूमा बसोबास गर्ने मानिसहरू कोभिड-19 को जोखिममा रहेका संकटासन्न मानिसहरू हुन् ।

कोभिड-19 को आपतकालीन अवस्थाले अपाङ्गता भएका लगायतका घरबारविहीन व्यक्तिहरूलाई आश्रय र सहायताको खोजी गर्ने क्रममा भिडभाडयुक्त आपतकालीन आश्रय स्थलमा जान तथा भाइरस फैलाउन बाध्य तुल्याएको छ । आफ्नो बसोबासको बन्दोबस्तीका कारण भौतिक दूरी कायम गर्ने नियम पालना गर्न नसक्ने मानिसहरू पनि अभावको अवस्थामा छन् ।

**केही आशाजनक अभ्यासहरू के-के हुन् ?**

- संयुक्त राज्य अमेरिकामा सञ्चारमा अपाङ्गता आयाम समावेश गरिएका विशिष्ट निर्देशिकाहरू घरबारविहीनता उद्वारसम्बन्धी कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ ।
- **चिली**मा घरबारविहीन मानिसहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न सरकारले सडकमा गई आफ्नो संलग्नता कायम गर्ने घोषणा गरेको छ ।
- **अर्जेन्टिना**मा उच्च मेडिकल आवश्यकता बेगर भौतिक दूरी कायम गर्न आवश्यक पर्ने मानिसहरूलाई आपतकालीन आश्रय प्रदान गर्नको लागि एउटा विशाल क्षेत्रमा 1,000 भन्दा बढी बेडहरू स्थापना गरेको थियो ।

**राज्य र अन्य सरोकारवालाहरूले गर्न सक्ने केही मुख्य कामहरू के-के हुन् ?**

- **अपाङ्गता भएका घरबारविहीन व्यक्तिहरूलाई सम्मानपूर्वक व्यवहार गरिने** र हिंसात्मक अवस्थाहरूबाट बच्नको लागि प्रतिक्रिया दिने पहिला व्यक्तिहरूले तालिम तथा निर्देशन प्राप्त गर्दछन् भन्ने सुनिश्चित गर्ने ।
- **बल प्रयोग गरी अनधिकृत बस्तिहरू नहटाउने** किनकि यसले भाइरसको फैलावटलाई अझ तीव्र बनाउन सहयोग गर्दछ । अपाङ्गता भएका घरबारविहीन व्यक्तिहरू जहाँ बस्छन् त्यहीं उपचार सेवा प्रदान गर्ने र जहाँ उपलब्ध हुन्छ त्यहीं पहुँचयोग्य सुरक्षित आश्रय प्रदान गर्ने ।
- भाडाका सम्पत्ति, होटल, सम्मेलन केन्द्र एवं स्टेडियमहरू लगायत पर्याप्त सरसफाइ र उचित बसोबास अवस्थासहितका **भौतिक दूरी कायम गर्न सहज हुने फरक आश्रय विकल्पहरूको खोजी गर्ने** ।
- पानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्न सडकहरूमा साबुन, पानी, हात धुने ठाउँ एवं अन्य स्रोतहरू लगायतका **सरसफाइजन्य सेवाहरू प्रदान गर्ने** ।

**स्रोतहरू**

- पर्याप्त आवासको हकसम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष र्‍यापोर्टर, कोभिड-19 निर्देशन : घरबारविहीन अवस्थामा बाँचिरहेका मानिसहरूको सुरक्षा
- पर्याप्त आवासको हकसम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष र्‍यापोर्टर, कोभिड-19 निर्देशन : अनधिकृत बस्तिका बासिन्दाहरूको सुरक्षा

## स्रोतहरू – साधारण

- CRPD समिति र अपाङ्गता एवं पहुँचसम्बन्धी संयुक्त राष्ट्र संघीय महासचिवका विशेष दुत, संयुक्त वक्तव्य : अपाङ्गता भएका व्यक्तिहरू र कोभिड-19
- अन्तर्राष्ट्रिय अपाङ्गता गठबन्धन, कोभिड-19 तथा अपाङ्गता आन्दोलन
- अन्तर्राष्ट्रिय अपाङ्गता तथा विकास संघ : अपाङ्गता समावेशिताका स्रोत कोष र कोभिड-19
- ILO, कोही नछुट्न, अहिले नभए कहिल्यै होइन : कोभिड-19 प्रतिकार्यमा अपाङ्गता भएका व्यक्तिहरू

- मनोवैज्ञानिक अपाङ्गता भएका मानिसहरूको क्षेत्रीय र अन्तर्राष्ट्रिय संगठनहरू, कोभिड-19 एवं मनोवैज्ञानिक अपाङ्गता भएका मानिसहरूसम्बन्धी सुझावहरूसहितको वक्तव्य
- कोभिड-19 को प्रतिकार्यमा कुनै संकटासन्न व्यक्तिहरू नछुटून् भन्ने कुरा सुनिश्चित गर्न UN कार्यरत छ
- UN ESCAP: कोभिड-19 प्रतिकार्यमा अपाङ्गता अधिकार एवं समावेशिता सुनिश्चित गर्दै
- UN अन्तर-एजेन्सी स्थाई समिति, कोभिड-19 : आफ्नो स्वतन्त्रताबाट बञ्चित व्यक्तिहरूमा ध्यान केन्द्रित गर्न
- UNPRPD, ILO तथा अन्य, कोभिड-19 संकटमा अपाङ्गता समावेशिता सहितको सामाजिक सुरक्षा प्रतिकार्य
- UN विशेष र्‍यापोर्टर तथा स्वतन्त्र विशेषज्ञहरू, कोभिड-19 मा केही अपवाद नहोस् : "हरेक व्यक्तिसँग जीवन बचाउने उपायहरूको अधिकार छ।"
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, कोभिड-19 का बारेमा संयुक्त राष्ट्र संघको विशेष र्‍यापोर्टर अपाङ्गता भएका मानिसहरूलाई कसले सुरक्षा दिईरहेको छ ?
- UNFPA, अपाङ्गता भएका महिला तथा बालबालिकाहरूको लिङ्गमा आधारित हिंसा एवं यौन र प्रजनन स्वास्थ्य एवं अधिकारहरूलाई सम्बोधन गर्न अधिकारमा आधारित एवं लिंग-केन्द्रित सेवाहरू प्रदान गर्ने निर्देशिकाहरू
- UNICEF, कोभिड-19: अपाङ्गता भएका बालबालिका एवं वयस्कहरू प्रतिको बुझाई
- विश्व स्वास्थ्य संगठन, कोभिड-19 महामारीको समयमा अपाङ्गतासम्बन्धी बुझाई
- WHO, कोभिड-19 को सन्दर्भमा दीर्घकालिन स्याहार सुविधाहरूका लागि संक्रमण रोकथाम एवं नियन्त्रण निर्देशन, अन्तरिम निर्देशन, 21 मार्च 2020
- WHO, जेल तथा नजरबन्दका अन्य स्थलहरूमा कोभिड-19 को रोकथाम तथा नियन्त्रण

---

[1] हेर्नुहोस् http://www.sanita.sm/on-line/home/bioetica/comitato-sammarinese-di-bioetica/documents-in-english/documento2116023.html.

[2] हेर्नुहोस् https://www.hhs.gov/sites/default/files/ocr-bulletin-3-28-20.pdf.

[3]हेर्नुहोस्https://www.khaleejtimes.com/coronavirus-pandemic/combating-coronavirus-uae-launches-home-testing-programme-for-people-of-determination

[4] हेर्नुहोस् https://www.facebook.com/pg/chrgovph/photos/?tab=album&album_id=2681151298668065&__tn__=-UC-R

[5]हेर्नुहोस् https://www.canada.ca/en/employment-social-development/news/2020/04/backgrounder--covid-19-disability-advisory-group.html

[6] एडेलिना कोमास-हेरेरा तथा जोसेबा जलाकैन, "स्याहार गृहहरूमा कोभिड-19 को फैलावट र सोसम्बन्धित मृत्यु: शुरुवाती अन्तर्राष्ट्रिय प्रमाण", अन्तर्राष्ट्रिय दीर्घकालिन स्याहार नीति सञ्जाल, 12 अप्रिल, 2020, पृष्ठ 5।

[7] हेर्नुहोस् http://www.health.gov.on.ca/en/pro/programs/publichealth/coronavirus/docs/2019_covid_testing_guidance.pdf

[8] कोभिड-19 विश्व महामारीको सन्दर्भमा मनोवैज्ञानिक अपाङ्गता भएका मानिसहरूको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूको सुझावहरू सहितको वक्तव्य हेर्न यहाँ जानुहोस्https://dkmedia.s3.amazonaws.com/AA/AG/chrusp-biz/downloads/357738/COVID19-and-persons-with-psychosocial-disabilities-final_version.pdf

[9] चीनमा संक्रमण फैलन थाल्दै गर्दा मस्तिष्क पक्षघात भएका एक जना 16 बर्षे किशोरका परिवारका सदस्यहरूले उनलाई छोडेर आइसोलेसनमा बस्नु परेको कारणले उनले कुनै मद्दत प्राप्त गर्न सकेनन् र ज्यान गुमाए।

[10] पाराग्वेको अपाङ्गता केन्द्र बिन्दु (SENADIS) ले बहिरा समुदायहरूलाई सहजता प्रदान गर्ने उद्देश्यले सांकेतिक भाषामा सूचना प्रदान गर्न सामाजिक सञ्जालको प्रयोग शुरु गरेको छ।

[11] हेर्नुहोस्, SENADIS, Panamá toma medidas para la inclusión de las personas con discapacidad frente al covid-19, 3.1.

[12]हेर्नुहोस्https://www.health.govt.nz/our-work/diseases-and-conditions/covid-19-novel-coronavirus/covid-19-novel-coronavirus-resources/covid-19-novel-coronavirus-new-zealand-sign-language

[13] हेर्नुहोस् https://coronavirus.gob.mx.

[14] अर्जेन्टिना, आदेश 297/2020, धारा 6.5।

[15]यस्ता अभ्यासहरू कोलम्बिया जस्ता राज्यहरूद्वारा प्रबर्द्धन गरिएका छन् (हेर्नुहोस् https://www.minsalud.gov.co/sites/rid/Lists/BibliotecaDigital/RIDE/DE/PS/asif13-personas-con-discapacidad.covid-19.pdf)

[16] हेर्नुहोस् SENADIS, *Panamá toma medidas para la inclusión de las personas con discapacidad frente al covid-19*, 3.3.

[17] बेलायतको संयुक्त अधिराज्य र उत्तरी आयरल्याण्ड कोरोना भाइरस महामारीसम्बन्धी बारम्बार सोधिएका प्रश्नहरू : तपाईंले के गर्न सक्नुहुन्छ र के गर्न सक्नुहुन्न, खण्ड 15 हेर्नुहोस्।

[18] हेर्नुहोस्, Secrétariat d'Etat auprès du Premier Ministre chargé des personnes handicapées, at https://handicap.gouv.fr/autisme-et-troubles-du-neuro-developpement/infos-speciales-coronavirus/article/information-covid-19-et-confinement

[19] हेर्नुहोस्, ओइसिडी, बिमार, *अपाङ्गता एवं काम* ।*बाधाअड्चनहरू तोड्दै,* पृष्ठ 23, अन्य व्यक्तिहरूको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूले उच्च दरको निष्क्रियता प्रस्तुत गर्छन् भन्ने दर्शाउँदै : क्रमशः 49% देखि 20%।

[20] हेर्नुहोस्, UNDESA, *अपाङ्गता तथा विकास रिपोर्ट*, पृष्ठ 157, चित्र II.81, स्व-रोजगारमा आवद्ध अपाङ्गता भएका व्यक्तिहरू 9% बढी पर्दछन् भन्ने दर्शाउँदै (19 राष्ट्रहरूको तथ्यांक)

[21]बुल्गेरिया, राजपत्र, 24 मार्च, 2020, धारा 12, IMF, कोभिड-19 को प्रतिकार्य नीति, https://www.imf.org/en/Topics/imf-and-covid19/Policy-Responses-to-COVID-19#T

[22] हेर्नुहोस् https://www.argentina.gob.ar/noticias/bono-extraordinario-para-las-personas-con-discapacidad-que-cobran-pensiones-no

[23] हेर्नुहोस् https://informations.handicap.fr/a-prime-solidaire-aah-covid-12818.php

[24] IIMF कोभिड-19 प्रतिकार्य नीति, https://www.imf.org/en/Topics/imf-and-covid19/Policy-Responses-to-COVID-19#T

[25] हेर्नुहोस् https://www.benefits.gov/benefit/945

[26] उदाहरणको लागि, प्राथमिक विद्यालयमा शिक्षा पूरा गर्ने दर अरुको 73% हुँदा अपाङ्गता भएका व्यक्तिहरूको 56% रहेको छ।

[27]UNESCO ले यस्ता बन्दाबन्दीहरूले विश्वका 91% विद्यार्थीहरूलाई असर गरिरहेको छ भन्ने अनुमान गरेको छ । हेर्नुहोस् https://en.unesco.org/covid19/educationresponse

[28] हेर्नुहोस्, संयुक्त राज्य अमेरिका, शिक्षा विभाग, कोरोना भाइरस महामारी 2019 मा अपाङ्गता भएका बालबालिकाहरूलाई प्रदान गर्ने सेवाहरूसम्बन्धी प्रश्न र उत्तरहरू, मार्च 2020।

[29] हेर्नुहोस् https://educacion.gob.ec/wp-content/uploads/downloads/2020/03/Anexo-2-RECOMENDACIONES-A-LOS-DOCENTES-PARA-BRINDAR-APOYO-PEDAGÓGICO-A-LOS-ESTUDIANTES-EN-AISLAMIENTO-EN-FUNCIÓN-DE-PREVENIR-POSIBLES-CONTAGIOS-POR-ENFERMEDADES-RESPIRATORIAS.pdf

[30] हेर्नुहोस्, संयुक्त अधिराज्य, https://www.gov.uk/guidance/supporting-your-childrens-education-during-coronavirus-covid-19. यो पनि हेर्नुहोस्, https://www.gov.uk/guidance/help-children-with-send-continue-their-education-during-coronavirus-covid-19

[31]विश्व स्वास्थ्य संगठन, *कोभिड-19 र महिला विरुद्धका हिंसामा स्वास्थ्य क्षेत्र/प्रणालीले के गर्न सक्छन्,* हेर्नुहोस्https://apps.who.int/iris/bitstream/handle/10665/331699/WHO-SRH-20.04-eng.pdf

[32]UNDESA, अपाङ्गता एवं विकास रिपोर्ट, पृष्ठ 7, 16, 113-115, 249-252, यहाँ हेर्नुहोस्https://social.un.org/publications/UN-Flagship-Report-Disability-Final.pdf; Special Rapporteur on the rights of persons with disabilities, A/72/133, para 35.

[33]एमा पियर्स, कोभिड-19 विश्व महामारीको समयमा GBV प्रोग्रामिङमा अपाङ्गताको बुझाई, हेर्नुहोस् https://gbvaor.net/sites/default/files/2020-03/Disability%20Considerations%20in%20GBV%20programming%20during%20COVID_Helpdesk.pdf

[34] पेरु, Ministerio de Desarrollo e Inclusión Social, *Resolución Viceministerial N° 001-2020-MIDIS/VMPES*, 24 अप्रिल 2020, हेर्नुहोस् https://www.gob.pe/institucion/midis/normas-legales/484313-001-2020-midis-vmpes

[35]अष्ट्रेलियाको राष्ट्रिय यौन आक्रमण, घरेलु एवं पारिवारिक हिंसा परामर्श सेवा https://www.1800respect.org.au/accessibility/ ; UK's Coronavirus (COVID-19): support for victims of domestic abuse https://www.gov.uk/government/publications/coronavirus-covid-19-and-domestic-abuse/coronavirus-covid-19-support-for-victims-of-domestic-abuse#disability-specialist-services

[36]पेनल रिफर्म इन्टरनेशनल, ग्लोबल प्रिजन ट्रेन्ड्स 2020, यहाँ हेर्नुहोस् https://cdn.penalreform.org/wp-content/uploads/2020/04/Global-Prison-Trends-2020-Penal-Reform-International.pdf

[37] निर्देशन : कोरोनाभाइरस (कोभिड-19) र जेलहरू, यहाँ हेर्नुहोस् https://www.gov.uk/guidance/coronavirus-covid-19-and-prisons

[38] https://www.prisonpolicy.org/virus/virusresponse.html

[39]Colombia, Decreto legislativo 546, 14 अप्रिल 2020, यहाँ हेर्नुहोस् https://dapre.presidencia.gov.co/normativa/normativa/DECRETO%20546%20DEL%2014%20DE%20ABRIL%20DE%202020.pdf

[40] अर्जेन्टिना, न्यायको लागि राष्ट्रिय सर्वोच्च अदालत, *Acordada 10/2020*, तथा पूरक विनियम, आपराधिक अपिलको संघीय अदालत, *Acordada 9/2020*, यहाँ हेर्नुहोस् https://cnpt.gob.ar/wp-content/uploads/2020/04/Acordada-9.20-CFCP.pdf

[41] ब्राजिल, राष्ट्रिय न्याय परिषद्, सुझाव 62, 17 मार्च 2020, यहाँ हेर्नुहोस् https://www.cnj.jus.br/wp-content/uploads/2020/03/62-Recomenda%C3%A7%C3%A3o.pdf.